प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

शिक्षा युवा तथा खेलकुद महाशाखा

पत्र संख्याः २०७९।८०

मितिः२०८०/०१/१३

चलानी नं: १०६६

विषयः **साहसिक खेल सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।**

यस मन्त्रालयको चालु आ.व. २०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम **साहसिक खेल सञ्चालन** अन्तर्गत प्याराग्लाइडिङ/र्‍याफ्टिङ/काइकिङ खेल सञ्चालन गर्ने कार्यक्रम रहेकोले यस मन्त्रालयसँगको साझेदारीमा खेल सञ्चालन गर्न योग्यता पुगेका खेल संस्थाहरुले देहायमा उल्लेखित शर्त बमोजिम खेल सञ्चालनका लागि सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र तपसिलका कागजात सहित यस महाशाखामा प्रस्ताव पेश गर्नुहुन सूचना गरिएको छ ।

## साहसिक खेल सञ्चालनका सर्तहरु

१. प्रस्ताव पेश गर्ने संस्था साहसिक खेलसँग सम्वन्धित आधिकारिक निकायबाट अनुमति/स्वीकृति प्राप्त गरेको हुनुपर्नेछ ।
२. सञ्चालन गरिने खेल कोशी प्रदेशको भूगोलभित्र सञ्चालन गर्नुपर्नेछ ।
३. प्रतियोगिता सञ्चालन गर्दाको अवधिको विमा लगायत जोखिम न्यूनीकरणको योजना समेत प्रस्तावमा समावेश गर्नुपर्नेछ ।
४. पेश भएका प्रस्तावका आधारमा बढीमा तीनवटा वटा खेल सञ्चालन गरिनेछ ।
५. प्रतियोगिता सञ्चालनका लागि मन्त्रालयको तर्फबाट प्रति खेल रु ५ लाख रकम उपलब्ध गराइनेछ, बाँकी रकम प्रस्ताव पेश गर्ने संस्थाले व्यवस्थापन गर्नुपर्नेछ ।
६. खेल सञ्चालनका लागि सम्वन्धित क्षेत्रको व्यवसायिक अनुमति प्राप्त संस्था वा आधिकारिक खेल संस्थालाई प्राथमिकता दिइनेछ ।

## पेश गर्नुपर्ने कागजातहरु

१. प्रचलित कानुन बमोजिम संस्था दर्ता /अनुमति र नवीकरणको प्रमाणपत्र प्रतिलिपि ।
२. खेलकुद सञ्चालन प्रस्तावना (प्रतियोगित सञ्चालनका लागि साझेदार अन्य संस्था र साझेदारी हुने रकम, विगतमा सञ्चालन गरेका खेलकुद प्रतियोगिताको विवरण समेत) ।
३. खेल संस्थाका आधिकारिक पदाधिकारीहरुको निर्णय सहितको पत्र ।
४. करचुक्ता प्रमाणपत्र प्रतिलिपि ।
५. सम्वन्धित खेल संस्थाको प्रवन्धपत्र/नियमावली प्रतिलिपी ।

२०८०।०१।१४

(फणिन्द्र खत्री)

महाशाखा प्रमुख

फोन नं. ०२१-४४२३८४, इमेल: youthandsportp1@gmail.com, website: mosd.p1.gov.np